


Vol. 45, No. 2 | Ashoj-Kartik (2082) | October-November (2025)

### निगमको सञ्चालक समितिमा

# नयाँ अध्यक्षको जिम्मेवारी





नेपाल वायुसेवा निगमको सञ्चालक समितिको अध्यक्षको पद रिक्त भएपछि निगमका उपाध्यक्ष विक्रम राई नियुक्त हुनुभएको छ । निगमका निवर्तमान अध्यक्ष युवराज अधिकारीको कार्यकाल सकिएकाले अर्को व्यवस्था नभएसम्मका लागि उपाध्यक्ष राईलाई नै अध्यक्षको जिम्मेवारी दिइएको हो । अध्यक्ष राईलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका निमित्त सचिव इन्दु घिमिरेले मिति २०८२ कार्तिक १८ गते मन्त्रालयमा पद तथा गोपनीयताको शपथ गराउनु भएको थियो । शपथ ग्रहणपछि अध्यक्ष राईले निगम सञ्चालक समितिको कार्यालयमा कार्यभार सम्हाल्दै प्रधानमन्त्री र जेन्जी आन्दोलनको चाहनाअनुसार निगममा देखिने सुधार गर्ने प्रतिवद्धता जनाउनु भयो । उहाँले हाल ए ३२० जहाजमा प्रयोग हुँदै आएको भाडाको एउटा इन्जिन सम्बन्धित कम्पनीलाई फिर्ता गर्दै मर्मतका लागि इजरायल पठाइएको निगमको इन्जिन जडान गर्ने कार्य १५ दिन भित्र टुङ्ग्याउन निर्देशन दिनुभयो । उहाँले बेलाबेलामा विभिन्न मिडियामा र जनमानसमा उठ्दै आएको विजनेस क्लासमा टिकटलाई अपग्रेड गर्ने (Involuntary Upgrade) प्रवृत्तिलाई तत्काल बन्द गर्न, यात्रु व्यागेज नीतिमा समयानुकूल परिमार्जन गर्न र यात्रु व्यागेज टुटफुट सम्बन्धमा आएको जनगुनासो यथाशीघ्र सम्बोधन गर्न पनि निर्देशन दिनुभयो । उहाँले निगमको व्यवस्थापकीय कार्यमा भने आफ्नो कुनै हस्तक्षेप नरहने स्पष्ट पार्नुभयो ।

नवनियुक्त अध्यक्ष राईले कार्यभार सम्हालेपछि उहाँलाई स्वागत गर्दै निगमका तत्कालीन निमित्त महाप्रबन्धक जनकराज कालाखेतीसहित सबै विभागीय प्रमुखहरूले आ–आफ्नो विभागबाट भइरहेका कामका बारेमा जानकारी गराउनु भएको थियो ।

# निगममा कार्यकारी सञ्चालकको नियुक्ति



नेपाल वायुसेवा निगममा सञ्चालक समितिका सदस्यका रुपमा कार्यरत अमृतमान श्रेष्ठलाई नेपाल सरकार मन्त्रीपरिषद्को २०८२ मङ्सिर २ को निर्णयानुसार नेपाल वायुसेवा निगम ऐन २०१९ बमोजिम महाप्रबन्धकको काम, कर्तव्य समेत गर्ने गरी कार्यकारी सञ्चालकको रूपमा नियुक्त गरेको छ । निगममा पदबहाली पछि उहाँले निगमको कार्यकारी समितिको बैठक बोलाई निगमको समग्र विषयको जानकारी विभागीय प्रमुखहरूबाट लिनुभयो । उक्त बैठकलाई अन्त्य गर्नुपूर्व सम्बोधन गर्दै कार्यकारी सञ्चालक श्रेष्ठले निगमको हितमा लाग्न सम्पूर्ण कर्मचारीलाई निर्देशन दिँदै इजरायलको Israel Aerospace Industries (IAI) मा मर्मतका लागि पठाइएको निगमको इन्जिन आफ्नो जहाजमा जडान गरी लिजमा लिएको इन्जिन फिर्ता गर्ने कार्य तत्कालै टुङ्ग्याउने गरी कार्य आरम्भ गरिसकेको जानकारी दिनुभयो ।

# सम्पादकीय

## विदेशी भूमिमा नेपालीको सान
# नेपाली ध्वजावाहक विमान

नेपाल वायुसेवा निगमले विदेशमा रहेका नेपालीहरूलाई राष्ट्रियताको भावना थप उद्दिप्त गर्ने कार्य गरिरहेको छ । विदेशी भूमिमा आफ्नो देशको राष्ट्रिय ध्वजावाहक विमान देख्दा गौरवान्वित हुने गरेको कुरा निगमका विमानचालक तथा कर्मचारीहरूसँग परदेशमा भेटिने नेपालीहरूले व्यक्त गरेका छन् । विदेशी भूमिमा नेपाली ध्वजावाहक विमानलाई आफ्नै घरको सदस्यजस्तो आत्मीयता उनीहरूले प्रकट गर्ने गरेको अनुभव निगमका कर्मचारीहरूसँग छ ।

नेपाल वायुसेवा निगम यातायातको साधनमात्र नभएर एउटा सजीव र प्रेमिल भावनाको संवाहक बन्न पुगेको छ । त्यसैले नेपाल वायुसेवा निगमलाई एउटा सेवाप्रदायक कम्पनीको रूपमा मात्रै नलिएर आफ्ना नागरिकहरूलाई विदेशी भूमिमा अभिभावकीय उपस्थिति दर्शाउने संस्थाको रूपमा महसुस गर्ने गरिन्छ । निगमलाई व्यावसायिक संस्थाको रूपमा मात्रै हेर्ने पहिलेको मनोविज्ञान आज परिवर्तित भैसकेको अवस्था छ । संसारभर रहेका सम्पूर्ण नेपालीहरूले यसको व्यावसायिक सफलताका लागि अन्तस्करणदेखि आफ्नो रोजाइमा राख्न थालेका छन् जसले नेपाल र नेपालीप्रतिको एकता र आत्मीयतालाई मजबुत बनाउने कार्य गरिरहेको छ ।

नेपाली डायस्पोरा विश्वका कुना-कुनामा फैलिएको छ । रोजगारी, शिक्षा वा अन्य विविध कारणले मातृभूमिलाई क्षणिक बिदाइ गरेर परदेशमा बस्न बाध्य हाम्रा नेपाली दाजुभाई दिदीबहिनीहरूका लागि नेपालको पहिचान बोकेको कुनै पनि चिज राष्ट्रियता र आत्मीयता जगाउने सञ्जीवनी बुटी सरह हुन्छ । नेपालको राष्ट्रिय ध्वजाबाहक विमानको अवतरणलाई त्यसैको प्रतीकका रूपमा लिन थालिएको छ । यो केवल एक जहाज नभएर आफन्तको आगमनको प्रतीक बनेको छ जसले हरेक प्रवासी नेपालीको मुटुमा आफ्नोपनको आभास फैलाउने ज्योति बालिदिन्छ ।

यो भावनात्मक सम्बन्धलाई कायम राख्न र अझ सशक्त बनाउन निगमले आफ्नो सेवालाई गुणस्तर र दायरामा अझ स्तरोन्नति गर्नु अत्यावश्यक छ । नियमित उडान, समयको व्यवस्थापन, उत्कृष्ट ग्राहक सेवा र सुरक्षा मानदण्डमा कुनै सम्झौता नगरी अगाडि बढ्दै जाने क्रममा यो भावनात्मक सम्बन्ध थप सुमधुर र दीर्घकालीन बन्दै जानेछ । नेपालीहरूले 'मेरो देशको जहाज' भन्ने गर्विलो वातावरण बनाउनु निगमको दायित्वभित्र पर्छ । Nation First भनेझैं आवतजावत गर्न सबैभन्दा पहिले आफ्नो राष्ट्रिय ध्वजावाहकलाई नै रोज्ने चलन बढिरहेको छ । निगमसँग नेपालीको भावना र गौरव समेत जोडिएको हुनाले सेवाग्राहीको सङ्ख्या अझ बढाउँदै लैजान सेवाप्रदायक र सेवाग्राही दुबै पक्षको रचनात्मक भूमिका आवश्यक छ । निगम बलियो हुँदै जाँदा सेवा विस्तार गरी संसारका अन्य धेरै स्थानहरूमा पुग्न सक्छ र त्यहाँ रहेका नेपालीहरूलाई आत्म गौरव गर्ने अवसर प्राप्त हुन्छ । साथै यसले नेपालीहरूलाई विश्वका जुनसुकै कुनाबाट नेपालसँग सीधा जोड्नेछ । यो सञ्जाल विस्तारले केवल आवागमनमा सहजता ल्याउने मात्र होइन, बरु नेपाली संस्कृति र पर्यटनको प्रचार-प्रसारमा समेत ठूलो टेवा पुऱ्याउनेछ ।

'जहाँ नेपाली, त्यहाँ नेपाल वायुसेवा निगम' भन्ने हाम्रो चाहनामा संसारभरका हरेक नेपालीले जोडिएर हाम्रो प्रयत्नलाई ऊर्जाशील बनाइ दिनुहुनेछ भन्ने हाम्रो अटुट अपेक्षा रहेको छ । नेपाल वायुसेवा निगमको व्यावसायिक सफलता नेपाल र नेपालीको सामूहिक गौरवको विषय हो र यसलाई सफल बनाउन हाम्रो संयुक्त प्रयास अपरिहार्य छ ।

# तस्विर कर्नर



निगम सञ्चालक समितिका नव नियुक्त अध्यक्ष विक्रम राईलाई स्वागत गर्दै निगमका नायव महाप्रबन्धक र निर्देशकहरू


## सम्पादक मण्डल

| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | अनिल घिमिरे |
| कार्यकारी सम्पादक | : | रितादेवी राई |
| सम्पादक | : | कल्पना काफ्ले |
| | : | पूजा अधिकारी |
| | : | नितु थापा |
| विभागीय प्रतिनिधिहरू | : | गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स<br>नुमानन्द गौतम, यात्रुसेवा<br>छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण<br>प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट<br>प्रभा पोखरेल, मानव संशाधन<br>उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट<br>रञ्जना पोखरेल, बजार व्यवस्थापन<br>दामोदर भट्टराई, सा. से. तथा सं. व्यवस्थापन<br>राजन घिमिरे, अर्थ<br>राजकुमारी के.सी., अपरेशन्स<br>सञ्जय कुमार देव, क्वालिटी एस्योरेन्स |
| प्रकाशक | : | बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार<br>महाशाखा संस्थागत विभाग<br>नेपाल वायुसेवा निगम<br>www.nepalairlines.com.np |
| फोटो सल्लाहकार | : | हरि गोपाल प्रधान |

## निगममा प्रवक्ताको जिम्मेबारी
# निर्देशक अनिल घिमिरेलाई





निगमको संस्थागत विभागका निर्देशक अनिल घिमिरेलाई निगमको प्रवक्ताको जिम्मेवारी दिइएको छ । झण्डै डेढ दशकदेखि निगमका विभिन्न जिम्मेवारीमा रहनु भएका घिमिरेले प्रवक्ता भएपछि संस्थाको सूचना तथा सन्देश नागरिकका बिचमा पुऱ्याउन, संस्थाको छवि सकारात्मक बनाउन र सञ्चार माध्यमहरुसँग समन्वय गर्न प्रभावकारी भूमिका निर्वाह गर्दै निगमको शाख उच्च बनाउन प्रयासरत रहने बताउनु भएको छ ।

# नेपाल वायुसेवा निगमद्वारा
## २०८२ असोज मसान्तसम्मको जहाजको ऋण भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरिएका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्व मध्ये दुई न्यारोबडी जहाजको २०८२ असोज मसान्तसम्मको किस्ताबापत पूरा र दुई वाईडबडी जहाजको आंशिक गरी मिति २०८२ असोज ३१ गते जम्मा रु. ५३०,९५५,२८१ (अक्षरेपीः त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी मात्र) ) रकम भुक्तानी गरेको छ । निगमले जहाज खरिद सम्बन्धी ऋण दायित्व शीर्षकअन्तर्गत २०८२ असोज मसान्तसम्मको अवधिमा कुल रु. ८ अर्ब ४५ करोड २४ लाख १८ हजार ६५७ रुपैयाँ किस्ता रकम भुक्तानी गरिसकेको छ ।

# सामाजिक उत्तरदायित्व अन्तर्गत अर्बुद रोगका बिरामीलाई निगमको सहयोग



नेपाल वायुसेवा निगमले आफ्नो हवाइसेवा मार्फत क्यान्सर रोगको उपचारको लागि काठमाडौं दिल्ली काठमाडौं आवत जावत गर्ने अर्बुद रोगका बिरामी र विरामीको कुरुवालाई टिकट उपलब्ध गराउदै आएको छ । Cancer Relief Society को सिफारिसमा नेपाल वायुसेवा निगमले क्यान्सर बिरामीलाई प्रथम दोस्रो र तेस्रो चरणमा गरेर १००, ५० र २५ प्रतिशत छुटमा टिकट उपलब्ध गराउँदै आएको छ ।

यसै अन्तर्गत नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको अन्तर्राष्ट्रिय बिक्री कक्षबाट प्राप्त जानकारी अनुसार उक्त टिकट २०८२ को श्रावण महिनामा ६६ जना विरामी र ६३ जना विरामीका कुरुवाले, भदौ महिनामा ५४ जना विरामी र ४९ जना विरामीका कुरुवाले साथै असोज महिनामा ४७ जना विरामी र ४३ जना विरामीका कुरुवाले छुटको सुविधा लिएका थिए ।

# चीनको ग्वान्जाओमा निगमको उडान सेवा सुरु



निगमले नयाँ गन्तव्यमा उडान सेवा सुरु गरेको छ । निगमले पहिलोपटक काठमाडौं–ग्वान्जाओ–काठमाडौं उडान सेवा सुरु गरेको हो । निगमले अक्टोबर १५ का दिन काठमाडौं–ग्वान्जाओ–काठमाडौं पहिलो व्यावसायिक उडान सफलतापूर्वक सम्पन्न गरेको थियो । उडानमा यात्रुको उत्साहजनक उपस्थिति देखिएको थियो । आर ए–४१७ नम्बरको पहिलो नियमित व्यावसायिक उडानमा १ सय ३८ जना यात्रु थिए । तीमध्ये २७ नेपाली, २९ चिनियाँ, ६१ जना भारतीय र अन्य २२ देशका विदेशी नागरिक रहेका थिए । विमानमा ६ बिजनेस क्लास र १ सय ३२ इकोनोमी क्लासका यात्रु थिए । त्यस्तै, ग्वान्जाओ–काठमाडौं उडानमा ७८ जना यात्रुसहितको विमान सफलतापूर्वक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको थियो । चीनको ग्वान्जाओ निगमको ११औं गन्तव्य बनेको हो । हरेक हप्ता तीनवटा नियमित उडान भर्ने तालिकाअनुसार गत असोज ९ गते पहिलो उडान भरेको निगमले प्रत्येक आइतबार, मङ्गलबार र शनिबार ग्वाञ्जाओतर्फ सिधा उडान भर्दै आइरहेको छ । काठमाडौंबाट ग्वाञ्जाओसम्मको एकतर्फी भाडादर रु. ३० हजार र दोहोरो टिकट रु ५० हजार तोकिएको निगमले जनाएको छ । लामो समयको प्रयासपछि चीनको यस महत्त्वपूर्ण सहरमा उडान सेवा विस्तार गर्न निगम सफल भएको हो । चीनको महत्त्वपूर्ण सहर ग्वान्जाओमा नेपालीहरू धेरै भएकाले लामो समयदेखि नेपाल वायुसेवा निगमको जहाँ सञ्चालन गर्न माग हुँदै आएको थियो । काठमाडौं–ग्वान्जाओ गन्तव्यमा राष्ट्रिय ध्वजावाहक उडानसँगै नेपालीहरुले खुसी व्यक्त गरेका छन् भने निगमलाई पनि व्यावसायिक लाभ हुनसक्ने अपेक्षा गरिएको छ ।

बाँकी पृष्ठ ५ मा

# आगो निभाउन सघाउनेलाई निगमद्वारा सम्मान

नेपाल वायुसेवा निगमले जेन्जी आन्दोलनका क्रममा निगमको केन्द्रीय कार्यालयको भवनमा आगजनी हुँदा आगो निभाउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान गरेको छ । आगो नियन्त्रणका लागि नेतृत्वदायी भूमिका खेल्नुभएका तथा सङ्कटा युवा क्लबका पदाधिकारी, स्थानीय व्यक्तिहरू र निगमका सुरक्षा गार्डहरू लगायत निगमका केही कर्मचारीहरूलाई सम्मान तथा कदरपत्र प्रदान गरिएको थियो । सङ्कटा क्लबका पदाधिकारी र स्थानीयलाई असोज ७ गते र कर्मचारी तथा सुरक्षा गार्डहरूलाई असोज २८ गते सम्मान तथा कदरपत्र प्रदान गरिएको थियो । उक्त कार्यक्रम निगमका निवर्तमान कार्यकारी अध्यक्ष युबराज अधिकारी लगायत निगमका विभिन्न विभागका निर्देशक तथा उपनिर्देशकहरूको उपस्थितिमा सम्पन्न भएको थियो ।



## निगम सञ्चालक समितिमा नयाँ सदस्य मनोनित



निगमको सञ्चालक समितिमा अर्थमन्त्रालयबाट भन्सार बिभागका उपमहानिर्देशक भरतमणि पाण्डे मनोनित हुनुभएको छ । उहाँले मिति २०८२ कार्तिक २४ गते शपथग्रहण गर्नुभएको हो । शपथ ग्रहणपश्चात् निगमका सुधारात्मक कार्यमा अर्थमन्त्रालयको साथ रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## 9N-ABT (Twin Otter) जहाज रिलिज




निगमसँग देशका विभिन्न दुर्गम भेगमा आन्तरिक उडान गर्दै आएको Twin Otter DHC-6 जहाजमध्ये September 2025 देखि इन्जिन मर्मत् तथा वार्षिकी जाँच (Annual Check) का लागि Grounded रहेको 9N-ABT जहाजको आवश्यक मर्मत् सम्भार (maintenance) भई मिति २०८२/०७/२४ गते Test Flight सफलतापूर्वक सम्पन्न भएको भएको हो । निगमको दुईवटै जहाजमार्फत् मिति २०८२/०७/२५ देखि आन्तरिकतर्फ व्यावसायिक उडान सुरु भईसकेको छ । निगमको जहाज रिलिज भएसँगै नयाँ साप्ताहिक उडान तालिकामार्फत् उडान सुचारु हुन थालिसकेका छन् ।

## निगमको काठमाडौं–भैरहवा–काठमाडौं उद्धार उडान सञ्चालन




देशमा बाढी र पहिरोका कारण सिर्जित विषम परिस्थितिलाई मध्यनजर गर्दै, नेपाल र नेपालीको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले २०८२ साल असोज २० गते (६ अक्टोबर २०२५) का दिन एयरबस ३२० विमानबाट काठमाडौं–भैरहवा–काठमाडौं (KTM–BWA–KTM) उद्धार उडान (Rescue Flight) सञ्चालन गरेको हो । उक्त उडानमा अशक्त, वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक यात्रुहरूलाई विशेष प्राथमिकतामा राखेर सञ्चालन गरिएको थियो । उक्त उद्धार उडानमा यात्रुहरूले अनलाइन प्रणाली, निगमको कार्यालय वा आधिकारिक एजेन्सीमार्फत् आफ्नो सिट सुनिश्चित गरेका थिए ।

## Alternative Airport का रूपमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल



नेपाल वायुसेवा निगमका जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न कारणले अवतरण हुन नसकी Divert गर्नुपर्ने अवस्थामा मङ्सिर महिनादेखि नै लागु हुने गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवालाई Alternative Airport का रूपमा प्रयोग गर्ने निर्णय भएको हो । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई Alternative Airport बनाउँदा उल्लेखनीय खर्च कटौती भई समयको वचत हुने विश्वास निगमले लिएको छ । यसका साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई समेत Alternative Airport बनाई प्रयोग गर्नका लागि आवश्यक अध्ययनको प्रक्रिया थालनी गर्नेसमेत निर्णय भएको हो ।

## मानव संशाधन विभाग

### भाद्र (२०८२)

**राजिनामा**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री निरञ्जन ढुंगेल | पाँचौं | सि.जि.इ.ओ कम सर्भिस मेकानिक्स |
| २ | श्री विष्णु पुकार श्रेष्ठ | छैटौं | लेखा अधिकृत |
| | | | |

**अवकाश**

| क्र.सं. | कर्मचारीहरुको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सरस्वती कार्की | सातौं | क्याविन क्रु सुपरभाइजर |
| २ | श्री माधव प्रसाद ढुङ्गाना | पाँचौं | वरिष्ठ सहायक |
| ३ | श्री मुकेश मान प्रधान | आठौं | का.मु. उपनिर्देशक |

### आश्विन (२०८२)

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री दिवस पोखेल | पाँचौं | वरिष्ठ सहायक |

## Internal Audit Department

Following tasks were conducted during Ashwin-Kartik 2082.

1. Physical verification report writing (Engineering Department, Ground Support Department & General Service & Property Management.

## Finance Department

**Departmental activities performed in Finance Department. The activities performed are as follows;**

1. Trimester Report (Report to MDAC) from Shrawan to Ashwin end 2082 sent to Corporate Department for submitting to MOCTCA.
2. Foreign Currency Transactions Report for the month of Ashwin 2082 submitted to NRB.

# निगमका नायब महाप्रबन्धकलाई निमित्त महाप्रबन्धकको जिम्मेवारी



निगमका कार्यकारी अध्यक्षको कार्यकाल सकिएपछि रिक्त रहेको कार्यकारी पदमा निगमका नायब महाप्रबन्धक जनकराज कालाखेतीलाई महाप्रबन्धकको जिम्मेवारी दिइएको थियो । उहाँले जिम्मेवारी सम्हालेपश्चात तत्काले निगमको विजनेस क्लासमा (Involuntary upgrade) गर्ने गरिएको कार्यलाई बन्द गराउनुभएको थियो ।

# चीनको ग्वान्जाओमा ...




साथै, CIVIL AVIATION ADMISRTATION OF CHINA (CAAC) बाट हालै प्राप्त W-25 ( Winter Schedule ) स्वीकृत भएसँगै निगमको ११ औं अन्तर्राष्ट्रिय गन्तव्यको रुपमा यस सेक्टरमा मिति ३० नोभेम्बर २०२५ साप्ताहिक रुपमा ३ (तीन) वटा उडान संचालन निम्नानुसारको तालिका अनुरूप टिकट बिक्री कार्य भइरहेको छ ।


**International Winter Schedule Flight for Guangzhou (CAN)**
**Effective from 30 Nov 2025 till 28 Mar 2026**

| FLT NO. | SECTOR | DEP/ARR | B. TIME | OPERATING DAYS | A/C |
|---|---|---|---|---|---|
| RA-417 | KTM-CAN | 2150/0400+1 | 3:55 | WED,FRI,SUN | A320 |
| RA-418 | CAN-KTM | 0500/0755 | 5:10 | MON,THU,SAT | |


# 1. Traffic statistics for the month of Shrawan -Asoj 2082


## a. International sector





## a. Domestic sector




*Source: Post Flight Information Report*

# 2. Market share of NAC International Sector







*Source: Customer Service Department*

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

(Effective from 14th November, 2025)

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | 12:00-13:00 | 12:00-13:00 | | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 15:00-16:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16 :00 | 14:00-15:00 | 14:00-15:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 12:00-13:00 | | 15:00-16:00 | 15:00-16:00 | | |
| 5. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 13:00-14:00 | | 14:00-15:00 | 13:00-14:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 13:00-14:00 | | 10:00-11:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 15:00-16:00 | | | 10:00-11:00 | | 14:00-15:00 |
| 9. | **Dr. ASMITA ARYAL**<br>Consultant, General Practice and Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | |

Office Tel: 00977-1-4220757, Ext. 2314 | Sangita Acharya Mob: 9849324963

# Nepal Airlines Corporation (Ground Support Department / Cleaning Section)

## LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2082 | Ashoj | 5 | 3 | 11 | 3 | 0 | 3 | 0 | 24 | 49 | 23 | 9 | 17 | | |
| 2 | 2082 | Kartik | 7 | 2 | 7 | 5 | 0 | 0 | 0 | 22 | 43 | 28 | 11 | 4 | | |
| **Total** | | | **12** | **5** | **18** | **8** | **0** | **3** | | **46** | **92** | **51** | **20** | **21** | | |

**नोट :** उपर्युक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले सम्बन्धित ठाउँमा बुझाएका सामानहरूको हो ।

## Details

Mob: Mobiles
Cam: Different types of movie and still camera/watch.
Mny: Money and wallets

ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld: Gold and ornaments
Elx: Other electronic appliances/items, games, pendrives, Powr Bank etc.

Hov: Handed over to the related airlines (staff, crew, passengers)
PP: Passport

## Operation Department

### Performance Report of Flights from Kathmandu for the month of Bhadra & Ashoj 2082

| Fleet/ Month | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **Flight Performance%** | Bhadra | Ashoj | Bhadra | Ashoj | Bhadra | Ashoj | Bhadra | Ashoj | Bhadra | Ashoj |
| **Reliability** | 97.67% | 97.14% | 96.15% | 97.96% | 100.00% | 100.00% | 100.00% | 100.00% | 98.46% | 98.78% |
| **Punctuality** | 48.84% | 65.71% | 57.69% | 44.90% | 47.06% | 51.16% | 48.39% | 47.62% | 50.49% | 52.35% |

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
## AS OF SHRAWAN TO KARTIK, 2082

| Region | SHRAWAN 2082 | | | | BHADRA 2082 | | | | ASOJ 2082 | | | | KARTIK 2082 | | | | Total in FOUR Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 693 | 4039414 | 21350 | 4060764 | 614 | 3731994 | 45581 | 3,777,575 | 2100 | 13207007 | 122389 | 13,329,396 | 2271 | 13787219 | 119460 | 13,906,679 | 5,678 | 35,074,414 |
| Domestic Total | 693 | 4,039,414 | 21,350 | 4,060,764 | 614 | 3,731,994 | 45,581 | 3,777,575 | 2,100 | 13,207,007 | 122,389 | 13,329,396 | 2,271 | 13,787,219 | 119,460 | 13,906,679 | 5,678 | 35,074,414 |
| KTM-NRT | 2,699 | 144,708,421 | 18,103,525 | 162,811,946 | 3,391 | 192,631,701 | 16,323,350 | 208,955,051 | 2,907 | 198,801,941 | 18,477,120 | 217,279,061 | 3,152 | 283,623,120 | 21,547,560 | 305,170,680 | 12,149 | 894,216,738 |
| NRT-KTM | 3,201 | 183,925,930 | 4,831,600 | 188,757,530 | 2,504 | 149,606,980 | 4,585,400 | 154,192,380 | 3,183 | 242,100,370 | 4,632,800 | 246,733,170 | 2,885 | 199,884,990 | 5,594,600 | 205,479,590 | 11,773 | 795,162,670 |
| KTM-DXB | 2,974 | 86,661,080 | 5,475,025 | 92,136,105 | 3,941 | 133,931,040 | 8,274,260 | 142,205,300 | 2,659 | 79,151,460 | 12,118,435 | 91,269,895 | 3,979 | 168,904,760 | 7,902,825 | 176,807,585 | 13,366 | 502,418,885 |
| DXB-KTM | 2,575 | 25,995,916 | 7,197,716 | 33,193,632 | 2,775 | 53,466,365 | 10,107,640 | 63,574,005 | 3,626 | 123,231,873 | 6,055,322 | 129,287,195 | 4,390 | 77,460,730 | 4,355,112 | 81,815,842 | 25,196 | 307,870,674 |
| KTM-DEL | 6,314 | 50,342,010 | 2,298,946 | 52,640,956 | 6,670 | 57,515,050 | 2,199,524 | 59,714,574 | 5,936 | 49,483,040 | 2,415,828 | 51,898,868 | 6,276 | 79,728,140 | 1,964,250 | 81,692,390 | 25,196 | 245,946,788 |
| DEL-KTM | 5,568 | 31,127,272 | 1,467,520 | 32,594,792 | 5,495 | 37,946,725 | 1,711,296 | 39,658,021 | 6,873 | 84,982,379 | 1,865,280 | 86,847,659 | 4,267 | 30,282,521 | 974,848 | 31,257,369 | 22,203 | 190,357,841 |
| KTM-KUL | 1,934 | 44,146,460 | 1,954,470 | 46,100,930 | 1,388 | 31,678,720 | 2,357,940 | 34,036,660 | 1,925 | 37,211,000 | 1,896,282 | 39,107,282 | 1,730 | 55,132,700 | 1,184,475 | 56,317,175 | 6,977 | 175,562,047 |
| KUL-KTM | 2,279 | 24,390,697 | 258,354 | 24,649,051 | 2,348 | 61,698,075 | 135,624 | 61,833,699 | 2,709 | 106,135,838 | 216,300 | 106,352,138 | 1,702 | 25,058,854 | 97,350 | 25,156,204 | 9,038 | 217,991,092 |
| KTM-DOH | 7,161 | 186,582,675 | 27,611,022 | 214,193,697 | 6,427 | 190,963,380 | 5,004,238 | 195,967,618 | 6,337 | 157,695,280 | 8,486,966 | 166,182,246 | 5,549 | 201,631,060 | 6,034,246 | 207,665,306 | 25,474 | 784,008,867 |
| DOH-KTM | 4,373 | 45,599,461 | 2,735,440 | 48,334,901 | 5,177 | 110,146,705 | 3,606,310 | 113,753,015 | 7,120 | 253,319,820 | 3,958,300 | 257,278,120 | 4,536 | 77,613,334 | 1,778,040 | 79,391,374 | 21,206 | 498,757,410 |
| KTM-BKK | 1,581 | 28,217,965 | 451,618 | 28,669,583 | 1,133 | 20,577,245 | 334,367 | 20,911,612 | 1,547 | 33,187,955 | 618,434 | 33,806,389 | 1,729 | 44,296,185 | 501,699 | 44,797,884 | 5,990 | 128,185,468 |
| BKK-KTM | 1,293 | 35,582,405 | 1,205,440 | 36,787,845 | 1,119 | 39,354,887 | 1,265,680 | 40,620,567 | 1,833 | 65,745,521 | 1,212,720 | 66,958,241 | 923 | 33,326,107 | 547,200 | 33,873,307 | 5,168 | 178,239,960 |
| KTM-HKG | 626 | 4,212,910 | 191,250 | 4,404,160 | 751 | 6,500,785 | 1,192,770 | 7,693,555 | 1,115 | 38,123,525 | 2,568,060 | 40,691,585 | 1,105 | 46,190,175 | 1,116,270 | 47,306,445 | 3,597 | 100,095,745 |
| HKG-KTM | 621 | 17,198,290 | 3,125,550 | 20,323,840 | 508 | 22,071,126 | 3,658,100 | 25,729,226 | 1,366 | 81,522,675 | 5,284,446 | 86,807,121 | 560 | 24,330,190 | 2,095,471 | 26,425,661 | 3,055 | 159,285,848 |
| KTM-BOM | 689 | 7,068,085 | 166,055 | 7,234,140 | 1,092 | 12,155,880 | 102,160 | 12,258,040 | 1,053 | 12,155,045 | 137,535 | 12,292,580 | 1,274 | 22,296,110 | 159,875 | 22,455,985 | 4,108 | 54,240,745 |
| BOM-KTM | 585 | 4,775,649 | 408,256 | 5,183,905 | 897 | 8,324,793 | 531,936 | 8,856,729 | 1,604 | 22,973,852 | 1,157,408 | 24,131,260 | 961 | 10,840,593 | 779,968 | 11,620,561 | 4,047 | 49,792,455 |
| KTM-BLR | 1,267 | 14,843,055 | 233,550 | 15,076,605 | 1,176 | 14,411,840 | 62,100 | 14,473,940 | 1,255 | 16,882,975 | 127,575 | 17,010,550 | 1,724 | 29,802,860 | 76,650 | 29,879,510 | 5,422 | 76,440,605 |
| BLR-KTM | 1,005 | 7,517,053 | 598,464 | 8,115,517 | 947 | 8,463,283 | 1,308,304 | 9,771,587 | 1,760 | 28,194,696 | 751,888 | 28,946,584 | 975 | 11,147,319 | 582,672 | 11,729,991 | 4,687 | 58,563,679 |
| KTM- DMM | 969 | 22,987,325 | 37,162 | 23,024,487 | 1,471 | 49,152,675 | 39,848 | 49,192,523 | 652 | 20,404,600 | 38,470 | 20,443,070 | 1,086 | 41,775,050 | 66,186 | 41,841,236 | 4,178 | 134,501,316 |
| DMM-KTM | 1,068 | 16,960,979 | 182,700 | 17,143,679 | 1,323 | 31,272,400 | 361,620 | 31,634,020 | 1,532 | 48,367,306 | 681,660 | 49,048,966 | 934 | 17,298,852 | 233,100 | 17,531,952 | 4,857 | 115,358,617 |
| KTM-BWA-DXB | - | - | - | - | - | - | - | - | | | | | | | - | | | |
| KTM-CAN | | | | | | | | | 150 | 3,909,250 | 5,632 | 3,914,882 | 146 | 3,987,470 | 31,901 | 3,987,470 | 296 | 7,902,352 |
| CAN-KTM | | | | | | | | | 304 | 8,457,574 | 48545 | 8506119 | 51 | 656,849 | 59,891,607 | 688,750 | 355 | 9,194,869 |
| **Intl Total** | **48,782** | **982,843,638** | **78,533,663** | **1,061,377,301** | **50,533** | **1,231,869,655** | **63,162,467** | **1,295,032,122** | **57,446** | **1,712,037,975** | **72,755,006** | **1,784,792,981** | **49,934** | **1,485,267,969** | **117,515,905** | **1,542,892,267** | **206,695** | **5,684,094,671** |
| **Grand Total** | **49,475** | **986,883,052** | **78,555,013** | **1,065,438,065** | **51,147** | **1,235,601,649** | **63,208,048** | **1,298,809,697** | **59,546** | **1,725,244,982** | **72,877,395** | **1,798,122,377** | **52,205** | **1,499,055,188** | **117,635,365** | **1,556,798,946** | **212,373** | **5,719,169,085** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.

**Source:** PFIR (2082/08/01)